# रैनादेवी छहरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

०७५- ६९१०२५
०७५- ६९२३४३

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र नियमावली, २०६५ को नियम ३ बमोजिम स्वत: प्रकाशन गर्नुपर्ने आ.व. ०७७/७८ को तेश्रो त्रैमासिकसम्मको विवरण**

क) निकायको स्वरुप र प्रकृति :

नेपाली जनताको पटक पटकको ऐतिहासिक जन आन्दोलन, संघर्ष, वीर सहिदहरुको वलिदान र अथक प्रयासबाट २०७२ असोज ३ गते संविधान सभाबाट जारी नेपालको संविधानको धारा ५६ बमोजिम स्थापित रैनादेवी छहरा गाउँपालिका, पाल्पा ७५३ वटा स्थानीय तह मध्ये एउटा स्थानीय तह हो। यो एउटा स्थानीय सरकार हो। यसले कार्यपालिकीय, विधायीकीय र न्यायीक कार्य गर्दछ। जसमा कार्यपालिका मार्फत स्थानीय सरकारको हैसियतमा कार्यपालिकीय, गाउँ सभा मार्फत विधायीकीय र न्यायीक समिति मार्फत न्यायीक कार्यसम्पादन गर्दछ।

ख) गाउँपालिकाको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा ५७ बमोजिम अनुसूची - ८ र ९ अन्तर्गतका अधिकारहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ लगायत प्रचलित ऐन, नियमको अधिनमा रही रैनादेवी छहरा गाउँपालिका, पाल्पालेको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ।

- नेपालको संविधानको धारा ५७ बमोजिम अनुसूची - ८ र ९ अन्तर्गतका अधिकारहरु,
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ अन्तर्गतका विषयमा न्यायीक समिति मार्फत न्यायीक निरुपण गर्ने।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिमका कार्यहरु (गाउँ प्रहरी, सहकारी संस्था, एफ.एम. संचालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवा व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख संकलन, स्थानीयस्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक र सिंचाई, गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, स्थानीय अभिलेख व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास लगायत) गर्ने,
- समग्रमा संविधान र ऐन, नियमको अधिनमा रही कार्यपालिकीय, व्यवस्थापकीय र न्यायीक कार्यहरु सम्पादन गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

# रैनादेवी छहरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
छहरा पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

०७५- ६९१०२५
०७५- ६९२३४३


ग) रैनादेवी छहरा गाउँपालिका, पाल्पामा रहने कर्मचारी संख्या

सांगठनिक संरचनाको विवरण

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह | पदपूर्ति संख्या | करार द्वारा पूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा.प्र. | १ | १ | - |
| २. | अधिकृत | ७/८औं | प्रशासन | लेखा | १ | १ | - |
| ३. | इन्जिनियर | ७/८औं | इन्जि. | सिभिल | १ | - | १ |
| ४. | अधिकृत | ७/८औं | शिक्षा | शि.प्र. | १ | - | १ |
| ५. | अधिकृत | ६औं | प्रशासन | सा.प्र. | २ | १ | १ |
| ६. | आ.ले.प. | ५औं | प्रशासन | लेखा | १ | १ | - |
| ७. | सहायक | ५औं | प्रशासन | सा.प्र | ४ | २ | २ |
| ८. | कम्प्यूटर अपरेटर | ५औं | विविध | | १ | १ | - |
| ९. | लेखा सहायक | ५औं | प्रशासन | लेखा | १ | - | १ |
| १०. | प्रा.स. | ५औं | शिक्षा | शि.प्र. | १ | १ | - |
| ११. | हे.अ. | ५/६औं | स्वास्थ्य | हे.ई. | १ | १ | - |
| १२. | सव-इन्जिनयर | ५औं | इन्जि. | सिभिल | १ | १ | - |
| १३. | अ.सव-इन्जिनियर | चौथो | इन्जि. | सिभिल | १ | - | १ |
| १४. | स.म.वि.नि. | चौथो | विविध | | १ | - | १ |
| १५. | खा.पा.स.टे. | चौथो/५ | इन्जि. | सिभिल | १ | १ | - |
| | कार्यालयतर्फ जम्मा | | | | १९ | ११ | ८ |
| | वडा कार्यालयतर्फ (८ वटा) | | | | | | |
| १ | सहायक | ५औं | प्रशासन | सा.प्र | ३ | १ | २ |
| २ | सव-इन्जिनयर | ५औं | इन्जि. | सिभिल | ३ | ५ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र | ४ | ३ | १ |
| ४ | अ.सव-इन्जिनियर | चौथो | इन्जि. | सिभिल | ५ | ३ | २ |
| ५ | मुखिया | तृतीय | प्रशासन | | १ | - | १ |
| | जम्मा | | | | ३५ | २३ | १४ |

घ) रैनादेवी छहरा गाउँपालिकाबाट प्रदान हुने सेवा

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ बमोजिमका विवाद्को न्यायीक निरुपण, दैनिक स्थानीय सेवा प्रवाह तथा व्यवस्थापन, सहकारी संस्था, एफ.एम. संचालन, स्थानीय तथ्याङ्क र अभिलेख संकलन, स्थानीयस्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक र सिंचाई, गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, स्थानीय अभिलेख व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन

रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
०७५- ६९१०२५
०७५- ६९२३४३

व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास आदि सेवाहरुको व्यवस्थापन तथा संचालन गर्ने,

ङ) रैनादेवी छहरा गाउँपालिकाका शाखाहरु तथा वडाहरु र जिम्मेवार अधिकारी

- प्रशासन तथा योजना शाखा :- अधिकृत छैटौं श्री अमृता पौडेल र सहायक पाचौं श्री राम प्रसाद पाण्डे
- कृषि शाखा :- प्रा.स. श्री सुनिता
- पशु शाखा:- प्रा.स. पारसमणि पौडेल
- शिक्षा शाखा :- अधिकृत छैठौं श्री निशा पाण्डे
- स्वास्थ्य शाखा:- स्वास्थ्य संयोजक श्री जीवन राना
- आर्थिक प्रशासन शाखा:- लेखा अधिकृत श्री लिलामणि बस्याल
- पञ्जीकरण र जिन्सी शाखा :- सहायक पाचौं श्री रविन्द्र रायमाझी
- सामाजिक सुरक्षा शाखा:- MIS Operator श्री लेख बहादुर थामी
- प्रधानमन्त्री रोजगार कार्यक्रम :- श्री कालि बहादुर राना
- प्राविधिक शाखा:- इन्जिनयर श्री किशोर खनाल
- १ नं. वडा कार्यालय: वडा सचिव श्री प्रकाश के.सी.
- २ नं. वडा कार्यालय: वडा सचिव श्री विष्णु गौतम
- ३ नं. वडा कार्यालय: वडा सचिव श्री विशाल पौडेल
- ४ नं. वडा कार्यालय: वडा सचिव श्री गंगा घिमिरे
- ५ नं. वडा कार्यालय: वडा सचिव श्री दुर्गा राँहु
- ६ नं. वडा कार्यालय: वडा सचिव श्री हुम बहादुर कुँवर
- ७ नं. वडा कार्यालय: वडा सचिव श्री हुम बहादुर कुँवर
- ८ नं. वडा कार्यालय: वडा सचिव श्री मनोज राना

च) सेवा प्रास गर्न लाग्ने दस्तुर र अवधि

- सेवाको प्रकृति अनुसार

छ) निर्णय गर्ने प्रकृया र अधिकार

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६४ तथा नियमावली, २०६५, संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, पाल्पालबाट भएका तथा हुने परिपत्र बमोजिमका कार्यहरु।

ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रमुख प्रशासकीय अधिकृत, न्यायीक समितिको संयोजक, सम्वन्धित वडाका वडा अध्यक्ष, गाउँपालिका अध्यक्ष।

झ) सम्पादन हुने कार्यहरुको विवरण

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ अन्तर्गतका विषयमा न्यायीक समिति मार्फत न्यायीक निरुपण गर्ने।

रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

०७५- ६९१०२५
०७५- ६९२३४३

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ बमोजिमका कार्यहरु (गाउँ प्रहरी, सहकारी संस्था, एफ.एम. संचालन, स्थानीय कर, सेवा शुल्क तथा दस्तुर, स्थानीय सेवा व्यवस्थापन, स्थानीय तथ्याङ्क र अभिलेख संकलन, स्थानीयस्तरका विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक र सिंचाई, गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, स्थानीय अभिलेख व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, खानेपानी, विपद् व्यवस्थापन, भाषा, संस्कृतिको संरक्षण तथा विकास लगायत) गर्ने,
- समग्रमा संविधान र ऐन, नियमको अधिनमा रही कार्यपालिकीय, व्यवस्थापकीय र न्यायीक कार्यहरु सम्पादन गर्ने।
- संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति, पाल्पालबाट भएका तथा हुने परिपत्र बमोजिमका अन्य कार्यहरू

ञ) कार्यालय प्रमुख र सूचना अधिकारी

- कार्यालय प्रमुख : प्रमुख प्रशासकीय अधिकृत श्री इन्द्र बहादुर क्षेत्री
- सूचना अधिकारी : स.प्र.जि.अ. श्री राम प्रसाद पाण्डे

ट) ऐन, नियम, विनियम वा निर्देशिकाको विवरण

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- आर्थिक कार्यविधि नियमावली, २०६४ तथा नियमावली, २०६५
- भ्रमण खर्च नियमावली, २०६४
- सार्वजनिक खरिद नियमावली, २०६४ तथा नियमावली, २०६५
- रैनादेवी गाउँपालिका सरकारबाट निर्माण भएका ऐन नियमहरु
- संघीय सरकार, प्रदेश सरकारबाट विभिन्न मितिमा जारी भएका ऐन, नियम तथा निर्देशिकाहरू

प्रमुख प्रशासकीय अधिकृत

रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

०७५- ६९१०२५
०७५- ६९२३८३

ठ) आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :

राजस्व सम्बन्धी प्रतिवेदन (यस आ.व.को तेश्रो त्रैमासिक सम्म)

| आम्दानी | | | | कैफियत |
|---|---|---|---|---|
| सि.नं. | राजस्व शिर्षक नं. | राजस्व शिर्षकको नाम | रकम | |
| १. | | सम्पति कर | १०८६२३/- | २०७७ फागुन मसान्तसम्मको मात्र। |
| २. | | घर बहाल कर | १०६४१३/- | |
| ३. | | मालपोत कर | २४८५७१/- | |
| ४. | | सेवा शुल्क | ३९६७६८९/- | |
| ५. | | व्यवसाय कर | १०५६७०/- | |
| ६. | | दण्ड जरिवाना | २५९६२/- | |
| ७. | | अन्य कर | ५८०५९३/- | |
| | जम्मा | | ५१,४३,५२१/- | |
| खर्च | | | | प्रतिशत |
| १. | | चालु खर्च | १८,१२,९४,५४२/५२ | ४७.९३ |
| २. | | पूँजीगत खर्च | ६,६४,३२,०१३/५० | २८.८३ |
| | जम्मा | | २४,७७,२६,५५६/०२ | ४०.६४ |

ड) अघिल्लो आ.व.मा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण : वार्षिक वजेट बमोजिम कार्यक्रम अन्तर्गतः कृषि, पशु, शिक्षा, स्वास्थ्य, लक्षित कार्यक्रमहरु, खेलकूद र आयोजना अन्तर्गतः सडक, सिंचाई, खानेपानी, खेलकूद संचालन भएको।

ढ) निकायको वेभसाइट : **www.rainadevichhaharamun.gov.np**

ण) **रैनादेवी छहरा गाउँपालिकालेप्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः** छैन।

त) **रैनादेवी छहरा गाउँपालिकाले संचालन गरेको कार्यक्रम र सोको प्रगति विवरण :** वार्षिक बजेट बमोजिम करिव ८५.०० प्रतिशत भन्दा बढी योजना तथा कार्यक्रमहरुको कार्यान्वयन भैरहेको, वित्तीय प्रगति करिव ३३.२८ प्रतिशत भएको छ भने भौतिक प्रगति करिव ५७.७१ प्रतिशत भएको छ।

थ) **रैनादेवी छहरा गाउँपालिकाले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :** छैन।

द) **रैनादेवी छहरा गाउँपालिकामा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :** छैन।

ध) **रैनादेवी छहरा गाउँपालिकामा सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण**

- नागरिक वडा पत्र
- कार्यालयको सूचना पाटी

प्रमुख प्रशासकीय अधिकृत

# रैनादेवी छहरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## छहरा, पाल्पा
## लुम्बिनी प्रदेश, नेपाल

०७५- ६९१०२५
०७५- ६९२३४३

- एफ.एम., रेडियो, पत्रपत्रिका र सोसल मिडिया
- कार्यालयको वेभसाइट र फेसबुक पेज
- वार्षिक कार्ययोजना तर्जुमा
- स्थानीय राजपत्र

प्रमुख प्रशासकीय अधिकृत